म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ५३ २०८१ पुस २५ गते बिहीबार 9 January 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

BUDDHA
Bar & Restaurant
खाने हैन त
खाजा.....?
Rs. 200 Only
Hetauda-4, School Road
For Delivery
9802923576

मकवानपुर उद्योग वाणिज्यको साधारणसभा सुरु

युवा पलायन रोक्न उद्योग क्षेत्र फस्टाउन जरुरी : मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले रोजगारी सृजना र युवा पलायन रोक्न उद्योग क्षेत्र फस्टाउन जरुरी रहेको बताउनुभएको छ। उहाँले राजनीतिक नेतृत्व, प्रशासन र नागरिकहरुमा सुधारको आवश्यक पनि बताउनुभयो। मंगलबार मकवानपुर उद्योग वाणिज्य संघको हेटौंडामा आयोजित ५८ औं साधारणसभा तथा अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले देश विकास र सुशासनका लागि सबै क्षेत्रमा सुधार आवश्यक रहेको बताउनुभयो।

नेपालीले उत्पादनका काम छाड्दा आर्थिक रुपमा समस्या भएको भएको उहाँको भनाई छ। उद्योग क्षेत्रले स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादनमा जोड दिनुपर्ने उहाँले बताउनुभयो। ‘ऐन, कानुन परिमार्जन गरेर विकास र समृद्धिको बाटोमा अघि बढ्नु पर्छ। विकास निर्माण र समृद्धिको यात्रामा एकतावद्ध हुन जरुरी रहेको छ’, उहाँले भन्नुभयो, ‘स्थानीयस्तरको सम्भावनाको आधारमा उत्पादनमा केन्द्रित हुन जरुरी छ। व्यवसायीहरु पनि वाणिज्यमा मात्र केन्द्रित भएका छन्। वाणिज्यलाई मात्र प्राथमिकतामा राखेर हुँदैन। उत्पादनमा अग्रसर हुन जरुरी छ।’

राज्यले उद्योगीलाई आवश्यक सुविधासहित उत्पादन वृद्धिमा जोड दिनुपर्ने उहाँको भनाई छ। उहाँका अनुसार नेपालमा भ्रष्टाचारको अवस्था गम्भिर रहेको छ। भ्रष्टाचार नियन्त्रणका लागि आम व्यक्तिहरुको सबै विषय अद्यावधिक गर्न जरुरी रहेको उल्लेख गर्नुहुँदै लगानीमैत्री वातावरण तयार गर्न प्रदेश सरकारले लगानी बोर्ड गठन गर्ने तयारी गरेको जानकारी दिनुभयो।

कार्यक्रममा संघीय संसदको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले ९ करोड रुपैयाँ खर्च गरेर लगानी सम्मेलन मार्फत् ६ अर्ब लगानी प्रतिवद्धता लिएपनि कार्यान्वयन हुन नसकेको बताउनुभयो। उहाँले अस्थिर सरकार, कर्मचारीतन्त्र, ऐन कानुन र नेतृत्वको कमजोरीका कारण विदेशीहरुले नेपालमा लगानी गर्न नचाहेको बताउनुभयो।

उहाँका अनुसार एउटा कर्मचारीले राज्यको निर्णय रोकेर राख्ने गरेको छ। देशको क्याविनेट भन्दा ठूलो निकुञ्ज र आरक्षका कर्मचारी हुँदा हेटौँडाको मयुर धाप औद्योगिक क्षेत्र निर्माणको काम हुन नसकेको उहाँले जानकारी दिनुभयो। पछिल्लो समयमा देशमा सहकारी समस्या कोभिड १९ संक्रमण भन्दा जटिल रुपमा फैलिएको उहाँको भनाई छ। राज्यले सहकारी समस्यामा अनुसन्धानको नाममा पक्षपात गरिरहेको उहाँले आरोप छ।

JUGAL SOUND

मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामा ।

सहकारी ठगीमा संलग्न रहेका व्यक्तिको सम्पत्तीबाट असुल गरेर बचतकर्ताको रकम फिर्ता गर्नुपर्ने सभापति सिंहको भनाइ छ। कार्यक्रममा संघीय सरकारका प्रमुख सचेतक महेशकुमार बर्तौला, बागमती प्रदेश सभाका सदस्यहरुको पनि उपस्थिति रहेको थियो।

मकवानपुर उद्योग वाणिज्य संघले साधारणसभाको अवसरमा २ जना पत्रकार सहित ११ जनालाई सम्मान गरेको छ। संघले कान्तिपुर दैनिकका उत्कृष्ट संचारकर्मीको रुपमा प्रताप विष्ट र रेडियो मकवानपुरका स्टेशन म्यानेजर गणेश दर्पण अधिकारीलाई सम्मान गरेको छ। दुबैजनालाई जनही १५ हजार रुपैयाँसहित सम्मान गरेको हो। समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले भने सम्मान अस्वीकार गर्नुभयो।

संघले उत्कृष्ट वाणिज्य सदस्यका रुपमा मोहनकृष्ण श्रेष्ठ, उत्कृष्ट उद्योग सदस्य नरहरि नन्दन उप्रेतीलाई सम्मान गरेको छ भने इभान्स लाइफ साइन्सेसलाई उत्कृष्ट एशोसिएट सदस्य, उत्कृष्ट वस्तुगत सदस्य मोवाइल एसोसिएसन अफ मकवानपुरलाई सम्मान गरेको छ।

२५ हजार रुपैयाँसहित उत्कृष्ट साहित्य संस्था तर्फसाहित्य संगम मकवानपुर, उत्कृष्ट सामाजिक संस्थाका रुपमा मामाघर नेपाललाई सम्मान गरेको छ। पल्पसा परिकल्पनाकार सम्मानबाट कृष्ण कटुवाल, पूर्वअध्यक्ष हिटलर विशेतलाई विशेष सम्मान र उत्कृष्ट कर्मचारीबाट दुर्गा लामिछानेलाई सम्मान गरेको छ।

संघको साधारणसभाअन्तर्गत बुधबार साँझ बन्द सत्र सम्पन्न भएको छ। बन्द सत्रमा महासचिव दीपक उप्रेती र कोषाध्यक्ष सन्तोषकुमार अर्यालको प्रतिवेदन प्रस्तुत भएको छ। संघको नयाँ नेतृत्वका लागि आज बिहीबार उम्मेदवारी दर्ताको कार्यक्रम रहेको छ।

रातोमाटेबाट लागूऔषधसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१५, रातोमाटेबाट ५९४ एम्पुल लागूऔषधसहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। शुक्रबार दिउँसो १२ बजेर ५० मिनेटको समयमा बीरगन्जबाट हेटौँडातर्फ आउँदै गरेको ना ७ ख ८४१४ नम्बरको यात्रुवाहक बसमा सवार बारा जिल्लाको कोल्हवी नगरपालिका-१ का २२ वर्षीय सियाराम राम र कोल्हवी-५ का ३३ वर्षीय अमित चौधरीको साथबाट लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीले सियाराम र अमितको साथबाट लागूऔषध डाईजेपाम १९८ एम्पुल, फेनार्गन १९८ एम्पुल,र नुर्फिन १९८ एम्पुल गरी जम्मा ५९४ एम्पुल लागूऔषध बरामद गरेको जानकारी दिएको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद लिएर प्रहरीले उनीहरुलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको छ। औषधिजन्य लागूऔषध भारतीय सीमा क्षेत्रबाट तस्करहरुले नेपाल भित्र्याएर पहाडी जिल्ला पु¥याउने गरेको मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभएको छ।

“व्यवसायीको संस्था, व्यवसायीकै नीति, व्यवसायीकै नेतृत्व”
मकवानपुर उद्योग वाणिज्य संघ
५८ औं साधारण सभा एवम् निर्वाचन
(२०८१ पौष २४ देखि २७ गते)
VOTE
प्रमोद रानाभाट प्यानेलका
वाणिज्य तर्फको
सदस्य
पदको उम्मेदवार
राजदेव बानियाँ
बिहारी भेराईटी स्टोर्स
लाई आफ्नो अमुल्य मत दिई अत्याधिक मतले
विजयी गराऔं ।
सम्पर्क : ९८५५०६७७०२

५८ औं बार्षिक साधारण सभा साथै निर्वाचनका
मकवानपुर उद्योग वाणिज्य संधका आसन्न निर्वाचनको उम्मेद्वारहरू
अनिल अग्रवाल र उहाँको टिम
राजु अधिकारी
उपाध्यक्ष (वाणिज्य)
रबिन्द्र प्रसाद घिमिरे
उपाध्यक्ष (उद्योग)
अनिल अग्रवाल
अध्यक्ष
विष्णु खनाल
उपाध्यक्ष (एसोसियट)
काव्यमणी अधिकारी
उपाध्यक्ष (वस्तुगत)
विकेशलाल श्रेष्ठ
महासचिव
तेजराज अधिकारी
कोषाध्यक्ष
राधिका सामरी पाण्डे
सह-कोषाध्यक्ष
दिवस पराजुली
सचिव (वाणिज्य)
नेत्रप्रसाद खतिवडा
सचिव (वस्तुगत)
रबिन ढकाल
सदस्य (वाणिज्य)
विष्णु प्रसाद दाहाल
सदस्य (वाणिज्य)
बालकृष्ण बजगाई
सदस्य (वाणिज्य)
यज्ञ बहादुर राई (बनोद)
सदस्य (वाणिज्य)
निलम पाण्डे
सदस्य (महिला आरक्षण)
कृष्ण गोपाल महर्जन
सदस्य (उद्योग)
दिपक सिवाकोटी
सदस्य (उद्योग)
गंगा कुमारी श्रेष्ठ
सदस्य (उद्योग)
मेनुका श्रेष्ठ
सदस्य (महिला आरक्षण)
शम्भु पुडासैनी
सदस्य (वस्तुगत)

एसोसिएट तर्फका
वाणिज्य तर्फका
“व्यवसायीको संस्था, व्यवसायीकै नीति, व्यवसायीकै नेतृत्व”
मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदका उम्मेदवार
प्रमोद सिंह रानाभाटको टिमलाई अत्याधिक बहुमतले विजयी गराऔं ।
उद्योग तर्फका
वस्तुगत तर्फका
उज्वल चौलागाई
माधव ज्ञावली
राम प्रसाद न्यौपाने
कुल प्रसाद चौलागाई
VOTE
श्रीकृष्ण कर्माचार्य (भाइ)
दिपक उप्रेती
रुपकराज दाहाल
प्रदिप अर्याल
राजाराम कार्की
प्रतिमा श्रेष्ठ
निलम वैद्य
जगदिस दाहाल
कृष्णराज कोइराला
भुपेन्द्र अधिकारी
सिता देवी भेटवाल
कृष्ण अर्याल
प्रमोद सिंह रानाभाट
अध्यक्ष पदका उम्मेदवार

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

जवाफदेहिता भुलेर दोषारोपण

कर्मचारी प्रशासनलाई राज्यको स्थायी सरकार मान्ने गरिएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा जनताबाट निर्वाचित प्रतिनिधिले देशको शासन व्यवस्था सञ्चालन गर्ने गर्दछन् । निर्वाचन प्रक्रियाद्वारा जनप्रतिनिधि चुनिन्छन् । जनप्रतिनिधिले व्यवस्थापिका र कार्यपालिकाकाको प्रमुख निकायको नेतृत्व गर्ने भए पनि काम गर्ने कर्मचारी प्रशासनले हो । प्राय: राजनीतिक नेतृत्व जनप्रतिनिधिको रुपमा रहन्छ, जो निश्चित अवधिपछि परिवर्तन हुन्छ । अझ नेपालमा त राजनीतिक अस्थिरता बढी नै रहेका कारण सरकारको नेतृत्वसमेत छोटो-छोटो समयमा परिवर्तन हुने गरेको छ । राजनीतिक नेतृत्व परिवर्तन हुने भए पनि कर्मचारी प्रशासन सधैं कायम रहन्छ । सरुवा वा अन्य नियमित प्रक्रियाबाट कर्मचारी परिवर्तन त हुन्छन् तर, सबै कर्मचारीले जनप्रतिनिधिले बनाएको नीति र राज्यको ऐन, कानुनबमोजिम काम गर्दछन् । शासन सञ्चालनमा सरकारको नेतृत्व कसले वा कुन दलले गरेको छ भन्ने कुराले प्रभाव पारे पनि नियमित प्रशासनिक कार्य र नागरिकलाई सेवा प्रवाह गर्ने सबालमा कुन कर्मचारी छन् भन्ने कुराले खासै प्रभाव पार्दैन ।

नेपालमा विगतदेखि नै राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वबिच उचित तालमेल हुने गरेको छैन । देशको विकास निर्माण, सरकारको दैनिक प्रशासनिक कार्य एवम् नागरिकलाई सेवा प्रवाह गर्ने क्रममा भए गरेका कमजोरीलाई राजनीतिक र प्रशासनिक नेतृत्वले एक-अर्कामा दोषारोपण गर्ने गरेका छन् । मंगलबारमात्र सत्तारुढ नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले पनि प्रशासनिक नेतृत्वको कारणले विकास निर्माणका काम तथा नागरिकलाई सेवा प्रवाहमा समस्या भएको बताएका छन् । उद्योग संघ मकवानपुरको साधारणसभालाई सम्बोधन गर्ने क्रममा उनले राजनीतिक नेतृत्वले गरेका नीति निर्णयलाई प्रशासनिक नेतृत्वले रोकेको बताएका हुन् । प्रशासनिक नेतृत्वका कारण डेलिभरिमा समस्या रहेको उनको आरोप थियो । मयूरधाप औद्योगिक क्षेत्र निर्माणको काम वन मन्त्रालयले राकेकोप्रति असन्तुष्टि जनाउँदै सांसद बर्तौलाले राजनीतिक नेतृत्वले गरेका निर्णयलाई प्रशासनिक नेतृत्वले रोकेको दावी गरेका हुन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको लागि जमिन अभाव भइरहेकै अवस्थामा सरकारले हेटौंडामै अर्को औद्योगिक क्षेत्र बनाउने घोषणा गर्‍यो । हेटौंडा-१४, मयूरधापमा नयाँ औद्योगिक क्षेत्र बनाउने घोषणासँगै सरकारले कार्यालय स्थापना गरेर कामसमेत सुरु गर्‍यो । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना हुन लागेको भन्दै सुरुदेखि नै विवाद थियो । औद्योगिक क्षेत्र स्थापनाका लागि गरिएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका विषयमा वन मन्त्रालयले हालै औद्योगिक क्षेत्रको विकल्प खोज्न र पुन: वातावरणीय प्रभाव मूल्यांकन गराउन भनेपछि सांसद बर्तौलाले कर्मचारी प्रशासनले असहयोग गरेको बताएका हुन् । सांसद बर्तौलाकै दलले सरकारको नेतृत्व गरिरहेको हुँदा प्रशासनिक नेतृत्वलाई दोष लगाउनुभन्दा ९ वर्षदेखि अलपत्र मयूरधाप औद्योगिक क्षेत्रको विषय टुंगो लगाउनुको उचित हुनेथियो ।

राजनीतिक नेतृत्वले स्वार्थप्रेरित भएर निर्णय गर्ने तर, कर्मचारी प्रशासन राज्यको नीति, नियममा चल्नुपर्ने बाध्यताले पनि एक-अर्कामा अविश्वास बढाउने काम गरिरहेको हुन सक्छ । नेपालको प्रशासनिक तथा राजनीतिक दुबै क्षेत्रमा अधिकारको प्रयोग गर्ने तर, उत्तरदायित्व र जवाफदेहिता बिर्सने रोग पुरानै हो । नेतृत्वकर्ताले अधिकारको प्रयोगसँगै आफ्नो उत्तरदायित्व पूरा गर्ने र जिम्मेवारी लिने परिपाटीको विकास नहुँदासम्म कुनै पनि कामको प्रभावकारी व्यवस्थापन सम्भव हुँदैन । अधिकारचाहिँ धेरै चाहिने तर आफ्नो दायित्व पूरा नगर्ने हो भने कुनै काम हुँदैन । अझ भए गरेका काम राम्रो भएमा आफूले जस लिन खोज्ने, काम नभएमा वा बिग्रिएमा अर्कोलाई देखाउने परिपाटी सबैभन्दा गलत हो । अहिले मुलुकको राजनीतिक नेतृत्व र कर्मचारी नेतृत्वमा देखिएको समस्या यस्तै हो । दुबै पक्षले प्रभावकारी काम नहुनुमा जवाफदेहिता नलिएर एक-अर्कालाई दोषारोपण गर्ने गरेकै कारण मुलुकका सबैजसो क्षेत्रमा समस्या आइरहेको छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल	१००
ट्राफिक प्रहरी	१०३
वडा प्रहरी	५२०२९९
पशुपतिनगर इलाका	५२०५९८
मनहरी इलाका	९८५५०९०१६१
भीमफेदी इलाका	६९१४६२
पालुङ इलाका	६२०४६७
फापरबारी इलाका	६२१९८०
चित्लाङ इलाका	६२१०००
वारुण यन्त्र	१०१
बालबालिका खोजतलास केन्द्र	१०४
बाल हेल्पलाइन	१०९८
हेलो सरकार	११११
नेपाल टेलिकम सोधपुछ	१९७
एम्बुलेन्स	१०२
नेपाल विद्युत प्राधिकरण गुनासो	११५०

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : विपरित परिस्थितिलाई जितिने समय योग छ ।
वृष : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ ।
मिथुन : परोपकार र आनन्दमा मन जाने समय योग छ ।
कर्कट : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ ।
सिंह : विश्वासको कमिले आपसी मनमुटाव बढ्ला ।
कन्या : भद्रभलादमीको संगतले काममा पूर्णता ।
तुला : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ ।
वृश्चिक : हिम्मत र साहसले काममा पूर्णता प्राप्त ।
धनु : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ ।
मकर : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ ।
कुम्भ : परीक्षा प्रतियोगितामा सरिक भईने समय योग छ ।
मीन : सामाजिक र धार्मिक काममा सरिक भईने छ ।

वर्तमानका स्थानीय तहले विद्यालय शिक्षाको भार बहन गर्न सक्ने स्थिति छ त ?

✍ रमेश प्रसाद लामिछाने

१. संवैधानिक व्यवस्था- नेपालको संविधान-२०७२ को भाग-३ मा व्यवस्था भएको मौलिक हक र कर्तव्य अन्तर्गत धारा-३१ मा शिक्षा सम्बन्धि हक उल्लेख गरिएको छ । यस धाराको दफा-१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र दफा-२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै यसै संविधानको अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकार सूचि नं. ७ मा आधारभूत र माध्यमिक शिक्षा भनी किटानी गरिएको छ । सँगै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची नं. २ मा शिक्षा, खेलकुद र पत्रिका भनी उल्लेख गरिएको छ ।

शिक्षा अन्तर्गत शिक्षक कर्मचारीको पारिश्रमिक व्यवस्थापन, शिक्षक कर्मचारी दरबन्दी मिलान, सरुवा, पाठ्यक्रम, परीक्षा, नतिजा, सामग्री व्यवस्था, पुस्तकालय, तालिम आदि शिर्षकहरु मध्ये तोकेर नै संघले यो जिम्मा लिने, प्रदेशले गर्नै पर्ने र स्थानीय तहले यी काम शिक्षामा गर्ने भनी किटानी गरिएको भए हालको शैक्षिक संकट धेरै हदमा समाधान भैसक्थ्यो भन्न सकिन्छ। देशको मूल कानून संविधान निर्माणका समयमा शिक्षामा गम्भिरता पटक्कै नभएको कारणले अहिले समस्याहरु बढेका हुन् ।

२. स्थानीय तहको अवस्था- संविधानले हाम्रा स्थानीय तहहरुलाई करिब स्वायत्त अर्थात बेलगाम बनाएको देखिन्छ । सबै स्थानीय तहको अवस्था र हाम्रो समग्र भूगोलको आवश्यक विश्लेषण नभएको कारणले शिक्षा लगायतका अरु क्षेत्रमा समेत विवाद कायमै छ । घरघरमा सिंहदरबारको नारा सकारात्मक रुपमा लिनै पर्दछ । उपलब्ध साधन र श्रोतको सही आँकलन पहिलो शर्त हो । जनशक्तिको परिचालन र व्यवस्थापन झनै पेचिलो मुद्दा बनेको सन्दर्भ भुल्नै नहुने विषय हो । स्थानीय तहहरु मध्ये ६ वटा महानगरको अवस्था प्रत्येक कोणबाट सवल र सक्षम भन्न सकिन्छ । त्यस्तै ११ वटै उपमहानगरहरु पनि धेरै हदमा क्षमतावान र सवल छन् भन्दा अत्युक्ति नहोला ।

सवल र सक्षमसँगै कामका लागि नियत पनि उत्तिकै स्पष्ट र सफा हुनैपर्दछ। सँगै २७६ वटा नगरपालिकाहरु सबै सवल र क्षमतावान छन् भन्न सकिन्न । अझ ४६० वटा गाउँपालिकाहरुको अवस्था एकाध बाहेक अधिकांशको स्थिति नाजुक र कमजोर देखिन्छ । सत्य तितो र सहन गाह्रो अनि स्विकार्न अलि कठिन हुन्छ नै । जनप्रतिनिधिहरु मध्ये शिक्षित अर्थात शिक्षाको महत्व बुझ्न सक्ने क्षमता भएकाहरु अत्यन्त न्यून रहेको तथ्य जगजाहेर छ । नियत राम्रो भएर पनि काम गर्न नसकेका जनप्रतिनिधिहरु पनि धेरै छन् । कर्मचारी संयन्त्र सधैं जागिरमुखी भएको यथार्थ नमिठो लाग्न सक्छ ।

३. विद्यमान स्थिति- शिक्षाको कोणबाट हाम्रा स्थानीय तहहरु अधिकांश लथालिंग भन्नै पर्दछ । प्रमाणका लागि एसईई र कक्षा १२ को नतिजालाई लिन सकिन्छ । विद्यालय मात्र होइन कैयौं गाउँपालिकाको नै नतिजा शून्य रहेको स्थिति छ । नगरहरुमा पनि कतिपय वडाहरु शून्य नतिजाले चिन्तित देखिए । भौतिक कोणबाट हेर्दा वि.सं.२०७२ को विध्वंसकारी भूकम्प पश्चात अधिकांश शिक्षण संस्थाहरु सवल बनेका छन् । केहि भवनहरु अझै निर्माण भैरहेका छन् । गाउँ-गाउँका नयाँ बनेका विद्यालय भवनहरुले विकसित मुलुकको झल्को दिएका छन् । फर्निचर तथा कक्षा कोठा स्तरीय देखिन्छन् । शौचालय, पिउने पानी, खेल मैदान, कम्पाउण्ड, आदिको अवस्था पछिल्ला वर्षहरुमा मजबुत बनिरहेका छन् भन्दा बिमति नहोला ।

प्रविधिको कोणबाट कम्प्युटर ल्याब, प्रोजेक्टर, सिसि क्यामेरा, अडियो भिजुअल सिस्टम, स्मार्ट टिभि, स्मार्ट बोर्ड, समेतबाट प्रविधियुक्त कक्षाकोठा मात्र होइन शिक्षक विद्यार्थीहरु ल्यापटप बोकेर सिक्ने सिकाउने वातावरणको प्रशंसा गर्नै पर्दछ । कोभिड महामारीले शिक्षालाई प्रविधिको निकट बनाएको पक्ष सकारात्मक रुपमा लिनै पर्दछ । यी सुविधाहरुका बावजुद पनि गाउँका विद्यालयहरु रित्तिँदै जानु र कमजोर नतिजाले डरलाग्दो भविष्यको संकेत गरिसकेको छ। संविधानलाई मिचेर शिक्षामा संघको हस्तक्षेप भएको स्थानीय तहको आरोप सुन्न सकिन्छ । विषयगत शिक्षकको अभाव, न्यून दरबन्दी, सरुवामा समस्या जस्ता कारण देखाएर स्थानीय तहहरु पानी माथि ओभानो बन्ने कसरत देखाइरहेका छन् ।

४. स्थानीय जनप्रतिनिधिहरुका रुची र चाहना अनुसारका शिक्षक मिलाउने प्रयत्न गर्दा सिधा राजनीतिक हस्तक्षेप भएको देखिन्छ। विद्यालयका प्रधानाध्यापकहरु प्रचलित कानून बमोजिम व्यवस्था गर्न नसक्नु, सरुवामा आफ्ना मान्छे रोज्नु, आर्थिक चलखेललाई प्राथमिकता दिनु, विद्यालयको आवश्यकता भन्दा पनि प्रतिनिधिकै रोजाईमा मात्र केन्द्रित देखिनु, आर्थिक सहयोग गर्दा कमिशन अर्थात अतिरिक्त रकम आर्जनको रुची राख्नु, विद्यालयमा शिक्षण सिकाईको स्तरोन्नतितर्फ भन्दा पनि व्यक्तिगत चाहनाका गैरशैक्षिक क्रियाकलापमा दबाव दिनु, जस्ता क्रियाकलापबाट अधिकांश स्थानीय प्रतिनिधिहरु आलोच्य बनेका छन् ।

आफ्नो मान्छे छैन भने र चाकडी नगर्ने स्वाभिमानी प्रधानाध्यापक भएका विद्यालयको खोईरो खन्ने र समुदायमा समेत नकारात्मक अफबाह फैलाउने काम गर्ने जनप्रतिनिधिहरु पनि देखिएका छन् । नातामा वा राजनीतिक दलमा आफू निकट रहेकाहरु नियमित स्कूल जान नपर्ने, गए पनि कक्षा जान अल्छि गर्ने, शिक्षण सिकाईको तयारी नभएका, आर्थिक लोभलालची गर्ने, नेताका प्रशंसा र चाकडीमा दौडिरहने, विद्यार्थी र अभिभावकका बीच अलोकप्रिय भए तापनि त्यस्ता शिक्षकहरु मात्र रोजेर खोजेर संरक्षण गरिएकाले नै नतिजा राम्रो नआएको भन्न सकिन्छ । शिक्षक आफु अनुकूल हुनुपर्ने स्थिति नै दुर्भाग्यपूर्ण भन्नै पर्दछ ।

५. स्थानीय तहका शिक्षा शाखाहरु अपेक्षित रुपमा सवल र सक्षम नहुनाले नै समस्या भएको देखिन्छ । आवश्यक जनशक्तिको अभाव पहिलो स्थिति हो । कतिपय पालिकाले शिक्षकहरु काजमा तानेर शैक्षिक प्रशासनका काममा लगाउने अवस्था राम्रो भन्न सकिन्न । प्रदेश तथा संघमा शिक्षाका धेरै उपसचिव तथा सहसचिवस्तरका कर्मचारी जिम्मेवारीबिहिन भई हाजिर मात्र गरी जागिर खाइरहेको समाचार बाहिर आएकै छ । यो सिधै कर्मचारी मिलानको समस्या देखिएको हो । कक्षा ८ को अर्थात आधारभूत तहको अन्तिम परीक्षाका अभिभारा कानुनले स्थानीय तहलाई दिएको छ। उक्त परीक्षा व्यवस्थित गर्न नसकेर स्थनीय तहका प्रश्नपत्र र नतिजाका हर्कत मिडियामा छरपष्ट भएको धेरैलाई थाहा छ ।

अर्कोतर्फ, पाठ्यक्रमले निर्धारण गरेको कक्षा १-५ को स्थानीय पाठ्यक्रम अलपत्र देख्न सकिन्छ। कतिपय पालिकाले प्रयत्न गरेर पनि नियमित गर्न नसकेको र धेरैले बनाउने पहल नै नगरेको त सबैलाई थाहा छ । धेरै पालिकाले भने स्थानीय भाषाको नाममा अंग्रेजी विषय रोजेको र नगन्यले भने मातृभाषाको पाठ्यपुस्तक नै तयार गरी प्रयोगमा ल्याएको समेत पाइएको छ । विद्यालयको समग्र शैक्षणिक क्रियाकलापमा सहयोग पुग्ने अनुगमन तथा सुपरिवेक्षण गर्ने क्षमता र सीप भएका योग्य तथा सक्षम शैक्षिक जनशक्ति स्थानीय तहको अर्को जरुरी सवाल हो ।

६. अन्तमा, विद्यालय शिक्षा ऐन ल्याउने तयारीमा रहेको बेला शिक्षक व्यवस्थापनसहित विद्यालयहरु संघ मातहत नै रहनु पर्छ भन्ने र संवैधानिक व्यवस्थालाई अक्षरस: पालना हुनुपर्छ भन्नेहरु बीच दोहोरी चलिरहेको हालको अवस्थामा विद्यालय शिक्षाको समग्र भार स्थानीय तहले बहन गर्ने सवालमा माथि उल्लेख भएको स्थितिका आधारमा शंका देखिनु अन्यथा होईन । सुरुवातमा पूर्वप्राथमिक तहदेखि कक्षा ५ सम्मको शैक्षिक जिम्मेवारी स्थानीय तहमा सुम्पिएर कक्षा ८ सम्मको जिल्लास्तरमा र कक्षा ९ र १० लाई प्रदेश अन्तर्गत अनि कक्षा ११ र १२ लाई संघ मातहतकै बनाइनु वैज्ञानिक हुन सक्छ । यस्तो अभ्यास शर्तात्मक र आवधिक बनाउन सकिन्छ । समग्रमै पनि विषय क्षेत्र किटानी गरी तीनै तहमा जिम्मेवारी तोक्न पनि त सकिन्छ । आउँदै गरेको विद्यालय शिक्षा ऐनले यो विषयलाई वस्तुगत धरातलको गहिराईसम्म पुगेर प्रत्यक्ष सम्बन्धित सरोकार वर्गको सम्बोधन हुने अपेक्षा गरिएको छ ।

शरीरको प्रतिरोधात्मक क्षमता बढाउन के गर्ने ?

✍बबिता अधिकारी/पोषणविद्

शरीरका विभिन्न अंगहरूको फरक-फरक जिम्मेवारी हुन्छ । शरीरलाई सुचारु रुपमा चलायमान राख्न मात्र हैन, यी अंगहरूमा कुनै समस्या आएमा त्यसलाई समाधान गर्न पनि शरीरमा केही तत्वले काम गर्छन् ।

सरल शब्दमा त्यो योद्धालाई प्रतिरक्षा प्रणाली भनिन्छ । यसले हामीलाई सानोतिनो समस्याबाट बचाउँछ । तर जब प्रतिरक्षा प्रणाली कमजोर हुन्छ, तब कुनै पनि व्यक्ति धेरै चाँडै बिरामी पर्न थाल्छ । कोही बारम्बार बिरामी हुने वा हल्का मौसम परिवर्तन हुनेबित्तिकै सानो समस्याले पनि गम्भीर रुपमा थला पर्छन् भने त्यसको कारण प्रतिरोध शक्ति कम भएको बुझिन्छ ।

यस्तोमा केही उपाय अपनाउन सकिन्छ, जसले प्रतिरोध क्षमतालाई बलियो बनाएर रोगबाट जोगाउन मद्दत पार्छ ।

सन्तुलित खाना: भनिन्छ, हामी जे खान्छौं त्यसले नै शरीर बन्छ । प्रतिरोध क्षमता कमजोर बनाउन के खाइरहेका छौं त्यसले पनि भूमिका खेल्छ । प्रतिरोध क्षमता बलियो पार्न स्वस्थ खाना आवश्यक छ । तर ती खाना सन्तुलित मात्रामा खानुपर्छ ।

हार्वर्ड स्कुल अफ पब्लिक हेल्थमा प्रकाशित रिपोर्टअनुसार शरीरको प्रतिरोधात्मक क्षमता बढाउन खानामा भरपुर मात्रामा भिटामिन, खनिज, प्रोटिन र फाइबर आवश्यक छ । विशेषगरी भिटामिन सी प्राप्त गर्न सुन्तला, कागती र अमला, भिटामिन ईका लागि बदाम, ओक्खर जस्ता ड्राइफ्रुट्स, जिंकका लागि सूर्यमुखीको बीउ र फर्सीको बीउ र आइरनका लागि पालुङ्गो, ब्रोकाउली जस्ता खानेकुरा दैनिक सीमित मात्रामा खाँदा प्रतिरोधात्मक क्षमता बढ्छ ।

पर्याप्त निद्रा: निद्राको प्रत्यक्ष प्रभाव प्रतिरोध क्षमतामा पर्छ । पर्याप्त निद्राले शरीरमा भएको विषाक्त पदार्थ निकाल्न र कोष मर्मतका लागि सहयोग गर्छ । सात वा नौ घण्टा सुत्नु आवश्यक छ ।

नियमित व्यायाम: व्यायामले शारीरिक स्वास्थ्यलाई बलियो बनाउँछ । समग्र शरीर बलियो हुनु भनेको नै प्रतिरोध क्षमता बलियो हुनु हो । एक प्रतिवेदनका अनुसार तीव्र हिंड्ने, योग, पौडी खेल्ने र साइकल चलाउने जस्ता नियमित हल्का व्यायामले शरीरमा रक्तसञ्चार बढाउँछ, जसकारण हाम्रो प्रतिरक्षा प्रणाली बलियो हुन्छ ।

तनाव व्यवस्थापन: दैनिक मानसिक तनावले प्रतिरक्षा प्रणालीलाई पनि कमजोर बनाउन सक्छ । तनावमा शरीरले छिट्टै कोर्टिसोल उत्पादन गर्न थाल्छ र यसले प्रतिरक्षा प्रणालीलाई हानि पुर्‍याउँछ । तसर्थ, तनाव व्यवस्थापन गर्ने तरिका खोज्नु राम्रो हुन्छ । तनावलाई ध्यान, योग र पर्याप्त निद्राबाट व्यवस्थापन गर्न सकेमा प्रतिरक्षा प्रणाली स्वस्थ रहन्छ ।

पर्याप्त पानी पिउने: पानीले शरीरको हरेक अंगलाई आवश्यक पोषक तत्व प्रदान गर्छ । जति पानी खायो त्यति शरीरमा भएको विषाक्त हटेर जान्छ ।

शरीरमा पर्याप्त मात्रामा पानी नपुगेमा प्रतिरक्षा प्रणालीमा नकारात्मक असर पर्छ । त्यसैले दिनमा कम्तीमा आठदेखि १० गिलास पानी पिउने बानी बसाल्नुपर्छ ।

प्रोबायोटिक्सलाई आफ्नो आहारको हिस्सा बनाउने: दही, गुन्द्रुक, सुकाएको अचारमा प्रोबायोटिक्स भरपुर मात्रामा पाइन्छ । प्रतिरोध क्षमता यथावत् राख्न प्रोबायोटिक पनि जरुरी हुन्छ । प्रोबायोटिकले आन्द्रामा स्वस्थ ब्याक्टेरिया उत्पन्न गर्छ । पाचन प्रक्रिया सहज रूपमा जारी रहन्छ । प्रतिरक्षा प्रणालीले ठीकसँग काम गर्ने नगर्ने भन्ने कुरा लगभग ७० प्रतिशत आन्द्राका सक्रियतामा निर्भर रहन्छ ।

धुम्रपान र रक्सी नखाने: धुम्रपान र मदिरा सेवन गर्ने बानी भएकामा प्रतिरक्षा प्रणाली कमजोर हुन्छ । यी दुई तत्वमा हुने रसायनले प्रतिरोधात्मक कोषिकालाई मार्ने काम गर्छ । त्यसैले शारीरिक रुपमा बलियो बन्न धुम्रपान र रक्सी सेवन गर्नु हुँदैन ।

घाममा बस्ने: सूर्यको किरणबाट भिटामिन डी प्राप्त हुन्छ । भिटामिन डीले शरीरलाई संक्रमणसँग लड्ने शक्ति दिन्छ । त्यसैले बिहान र अपरान्हको घाममा बस्नु स्वास्थ्यका लागि फाइदाजनक हुन्छ ।

सरसफाइ: सरसफाइको कमीले पनि बाह्य हानिकारक कीटाणु शरीरमा प्रवेश गरी आक्रमण गर्न सक्छ । फलस्वरुप विभिन्न स्वास्थ्य समस्या देखा पर्छ । जर्नल अफ इन्फेक्सनमा प्रकाशित एक रिपोर्टअनुसार विश्वभर हुने आधा संक्रमण र रोगहरूमा सरसफाइले ठूलो भूमिका खेल्छ । त्यसैले सरसफाइमा ध्यान दिनु आवश्यक छ ।

फलफूल र तरकारीलाई राम्रोसँग पखालेर खाने, हातखुट्टामा फोहोर लागे सफासँग धुने, सफा कपडा लगाउने, सुत्दा सफा कपडा ओछयाउने, धुवाँधुलोमा हिंड्दा मास्क लगाउने बानी बसाल्नुपर्छ ।

भिटामिन र सप्लिमेन्ट लिने: यदि खाएको खानाबाट पर्याप्त पोषण

...बाँकी पृष्ठ ३ मा

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

नागरिकलाई अनुभूत हुनेगरी विकासका काम गर्नुपर्छः मन्त्री मास्के

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्केले नागरिकलाई अनुभूत हुनेगरी विकासका काम अघि बढाउन जरुरी रहेको बताउनुभएको छ। मन्त्री मास्केले नागरिकको आवश्यकता अनुसारको विकासका काम अघि बढाउन जरुरी रहेको बताउनुभयो ।

भीमफेदी गाउँपालिका वडा नम्बर-६ स्थित माण्डु खोलामा निर्मित पक्की पुलको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री मास्केले जनतालाई डेलिभरि दिनु वर्तमान सरकारको दायित्व भएको उल्लेख गर्नुभयो। नागरिक माझमा रहेका नैराश्यता अन्त्य गर्न प्रदेश सरकार र मातहतका निकायले जिम्मेवार ढंगबाट काम गर्नुपर्ने उहाँको भनाइ थियो। विकास निर्माणको कामलाई व्यवस्थित र पारदर्शी बनाउन र नागरिक लक्षित भएर काम गर्न उहाँले निर्देशन दिनुभयो ।

मन्त्री मास्केका अनुसार प्रदेश सरकारको पूर्वाधार विकासमा पर्याप्त स्रोत नभएपनि नागरिकलाई सहज सेवा प्रदान गर्नेगरी काम गर्नुपर्नेछ। सीमित स्रोत र साधनका वावजुद पनि सरकारले विकास निर्माणमा महत्वपूर्ण भूमिका खेलेको उहाँको भनाई छ। उहाँले आगामी दिनमा पनि विकास निर्माणमा भौतिक पूर्वाधार मन्त्रालयले सशक्त ढंगले काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। गत असोजको विपद्ले प्रादेशिक सडक गुरुयोजना अन्तर्गतका सडक र पुलहरुमा ठुलो क्षति भएको उल्लेख गर्नुहुँदै ती संरचनाहरुको पुनःनिर्माणका लागि स्रोत व्यवस्थापन गरेर काम गर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा भीमफेदी गाउँपालिकाका अधयक्ष हिदम लामाले पूर्वाधार निर्माणमा वर्तमान सरकारको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । आगामी दिनमा स्थानीय तहको आवश्यकता अनुसार प्रदेश सरकारले बजेट विनियोजन गरी विकास निर्माणको काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्ग भैंसे-भीमफेदी सडकखण्ड अन्तर्गत प्रदेश यातायात पूर्वाधार निर्देशनालय मार्फत् माण्डु खोलामा १२ करोड ३० लाख ३९ हजार रुपैयाँमा पुल निर्माणसम्बन्धी ठेक्का सम्झौता भएको थियो । ५६.६ मिटर लम्बाईको उक्त पुल २०८० असार २२ मा सम्झौता भई २०८१ असोज २१ मा सम्पन्न भएको थियो ।

कुमा सागरको म्युजिक ब्याण्ड कन्सर्ट हुँदै

समाज संवाददाता

हेटौंडाः कुमा सागर एण्ड द ख्वोपाको म्युजिक ब्याण्ड कन्सर्ट हेटौंडामा हुने भएको छ । बुधबार नेपाल साउण्ड वेभ्स इभेण्ट्सका संयोजक संगीत श्रेष्ठले पत्रकार सम्मेलन गर्दै शुक्रबार हुन लागेको कुमा सागरको म्युजिक ब्याण्ड कन्सर्टबारे जानकारी गराउनुभएको हो ।

आयोजक समितिका सदस्य चन्द्र शाही र विक्रम शाहीको संयोजनमा हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको चौरमा कन्सर्ट गर्न लागेको संयोजक श्रेष्ठले बताउनुभयो । विभिन्न सांस्कृतिक एव्म सांगीतिक कार्यक्रम आयोजना गर्दै आएको इभेण्ट्सले हेटौंडामा पहिलो पटक संगीतिक प्रस्तुति गर्न लागेको उहाँले बताउनुभयो ।

विशेषगरी नेवारी संस्कृतिको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागेको कन्सर्टमा लोकनृत्य, नेवारीनृत्य लगायतका विभिन्न गायन प्रस्तुति रहने उहाँले बताउनुभयो । कन्सर्टमा साधारण प्रवेश शुल्क प्रतिव्यक्ति ५ सय र भिआइपी प्रवेश शुल्क प्रतिव्यक्ति एक हजार रुपैयाँ निर्धारण गरिएको उहाँले बताउनुभयो । कार्यक्रमको साउण्ड पार्टनरमा सुरज तितुङ (बाबु) रहनुहुने उहाँले बताउनुभयो ।

कार्यक्रम आयोजक समितिलाई हेटौंडा-११ स्थित होटल स्मारकले ५० प्रतिशत छुट दिएको छ भने फ्र्याङ्की स्टडीको पनि सहयोग रहनेछ । कन्सर्टमा करिब १५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार ५ लाख रुपैयाँ कलाकारका लागि खर्च हुनेछ।

कन्सर्टबाट फाइदा भएमा विद्यालयका निम्न वर्गका विद्यार्थीका लागि शैक्षिक सामग्री एवम् न्यानो कपडा वितरण गरिने उहाँले बताउनुभयो । कन्सर्टमा करिब ४ हजार दर्शकको उपस्थिति रहने अनुमान गरिएको उहाँले बताउनुभयो । हेटौंडाको लाफिङ हाउस, मेलो बासुकला, कफीबारलगायत ठाउँबाट प्रवेश टिकट उपलब्ध हुने उहाँले बताउनुभयो ।

कन्सर्टमा ६ वटा खाजाको स्टल व्यवस्था गरिएको उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय मकवानपुर, जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर लगायतसँगको सहकार्यमा सुरक्षा व्यवस्थापन गरिने उहाँले बताउनुभयो । पत्रकार सम्मेलनमा आयोजक समितिका सदस्य सरोज खड्गी, देवराज थापा, सविन मोक्तान, जनरल श्रेष्ठ (जेन), वृज यादवलगायतको उपस्थिति रहेको थियो ।

चन्द्रोदय माविको वार्षिकोत्सव आयोजना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयले विभिन्न खेलकुद कार्यक्रम आयोजना गर्दै ५९ औं वार्षिकोत्सव मनाएको छ। शनिबार र आइतबार भलिबल, रिले दौड, लङ्जम्प, कबड्डी, नृत्य, चम्चा दौड, बत्ती कटाई, टपरी बुनाई र म्युजिकल चियरजस्ता प्रतियोगिता आयोजना गर्दै वार्षिकोत्सव मनाएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इवाकर मैनालीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडाका वडाध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । सोही अवसरमा नर्सरी र केजीका विद्यार्थीलाई विद्यालयका पूर्वविद्यार्थीले एक सय थान स्वीटर हस्तान्तरण गरिएको छ । यस्तै, वडा कार्यालयले कक्षा-६ देखि १० सम्मका विद्यार्थीलाई ४ सय ५० सेट हाउस पोशाक वितरण गरेको छ।

विभिन्न विधामा उत्कृष्ट २ सय ५० जना विद्यार्थीलाई पुरस्कृत गर्नुका साथै कक्षागत प्रथम, द्बितीय र तृतीय विद्यार्थीलाई स्टेशनरी सामग्री प्रदान गरिएको छ । कक्षा-६ मा अध्ययनरत राजेश कटुवालको कक्षा-१२ सम्म अध्ययनका लागि लाग्ने सम्पूर्ण शैक्षिक खर्चको जिम्मेवारी समाजसेवी शम्भु दुलालले लिनुभएको छ । दुलालले कटुवाललाई विद्यालय पोशाक र १६ हजार ५ सय नगदसहित २० हजार रुपैयाँ बराबर सहयोग गर्नुभएको हो ।

स्थापना दिवसमा निःशुल्क भर्ना

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीले ३२ औं स्थापना दिवसको अवसरमा निःशुल्क अभिलेखीकरण (भर्ना) कार्यक्रम सञ्चालन गरेको छ । गत शनिबारदेखि सञ्चालन गरिएको अभिलेखीकरणमा हालसम्म २९ जना विद्यार्थी भर्ना भएको विद्यालयकी प्रिन्सीपल रीना आचार्यले जानकारी दिनुभयो ।

प्ले ग्रुप र नर्सरीमा २९ जनाले अभिलेख गराएको उहाँले बताउनुभयो । सीमित सिटमा पुस २९ गतेसम्म अभिलेखीकरण गरिने आचार्यले जानकारी दिनुभयो । विद्यालयमा आवासीय व्यवस्थासँगै विद्यालय बसको सुविधा रहेको छ । करिब एक हजार ५ सय विद्यार्थी अध्ययनरत् रहेको आचार्यले बताउनुभयो । विद्यालयले अतिरिक्त क्रियाकलापसमेत सञ्चालन गर्दै आइरहेको छ ।

शरीरको...

नपाइरहेको अनुभव हुने, थकान, शरीर कमजोर भइरहेको अनुभव भएमा शरीरलाई आवश्यक भिटामिन नपुगेको हुनुपर्छ। यस्तोमा चिकित्सकसँग परामर्श लिनुपर्छ । चिकित्सकले लक्षणअनुसार आवश्यक परीक्षण र भिटामिन सप्लिमेन्ट सिफारिस गर्न सक्छन् ।

(स्रोतः अनलाईनखबर)

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
हेटौंडा, मकवानपुर

नारायणी अटो ट्रेड लिंक्स् प्रालिको
साधारणसभा सम्बन्धि सूचना

यस नारायणी अटो ट्रेड लिंक्स प्रा.लि., हेटौंडाको २२ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यस प्रा.लि.को सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाइसकिएको व्यहोरा अनुरोध गर्दै यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रमः
मिति : २०८१ पौष २९ गते सोमबार ।
समय : बिहान ७:३० बजे ।
स्थान : ना.या.व्य.संघ, हेटौंडाको सभाहल ।

ठाकुरनाथ सुवेदी
प्रबन्ध संचालक
नारायणी अटो ट्रेड लिंक्स् प्रा. लि.
हेटौंडा -४, मेनरोड
फोन नं. ५-२३७८५

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-

सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को
२५ औँ वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं वार्षिक साधारण सभा यहि मिति २०८१ साल पौष २७ गते गर्ने यस संस्थाको संचालक समितिको २०८१/०८/१० गतेको बैठक नं. २४७ बाट निर्णय भएको तपशिल बमोजिमको मिति, समय र स्थानमा सभा हुने हुँदा सम्पूर्ण सदस्यहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ साथै शेयर सदस्यहरुलाई पत्र पठाई सकेको हुँदा पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भै दिनुहुन अनुरोध गरिन्छ ।

कार्यक्रम
मितिः २०८१ साल पौष २७ गते शनिबार
समयः २०८१ पौष २७ गते बिहान १०:०० बजे देखि दिउँसो ४:०० बजेसम्म उपस्थित हुने ।
२०८१ पौष २७ गते दिउँसो १:३० बजे वार्षिक साधारण सभाको प्रस्तावहरुमा छलफल गरि पारित गर्ने ।
स्थानः हेटौंडा–४, बालकुमारी पार्टी प्यालेस

तपसिल
निर्वाचन तालिका पछि सार्वजनिक गरिनेछ ।
नोटः साधारण सभामा उपस्थित हुन आउँदा वितरण गरिएको परिचयपत्र कार्ड साथमा लिई आउनुहोला अन्यथा उपस्थित जनाउने छैन ।

सचिव
महेन्द्र चित्रकार

के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

अध्यक्ष नवराज घिमिरे एवम्
नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार
हेटौंडा-४, मकवानपुर

"व्यवसायीको संस्था, व्यवसायीकै नीति, व्यवसायीकै नेतृत्व"
मकवानपुर उद्योग वाणिज्य संघ
५८ औं साधारण सभा एवम् निर्वाचन
(२०८१ पौष २४ देखि २७ गते)
VOTE
प्रमोद रानाभाट प्यानेलका
वाणिज्य तर्फको
सदस्य
पदको उम्मेदवार
होमनाथ खनाल (रोशन)
कृतज्ञ सप्लायर्स
लाई आफ्नो अमुल्य मत दिई अत्याधिक मतले विजयी गराऔं ।
सम्पर्क : ९८५५०९८७३२५

"व्यवसायीको संस्था, व्यवसायीकै नीति, व्यवसायीकै नेतृत्व"
मकवानपुर उद्योग वाणिज्य संघ
५८ औं साधारण सभा एवम् निर्वाचन
(२०८१ पौष २४ देखि २७ गते)
VOTE
प्रमोद रानाभाट प्यानेलका
महासचिव
पदको उम्मेदवार
प्रतिमा श्रेष्ठ
श्री श्रेष्ठ सप्लायर्स/ संसारी पोल्ट्री हाउस
लाई आफ्नो अमुल्य मत दिई अत्याधिक मतले विजयी गराऔं ।
सम्पर्क : ९८५५०६९५२७

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

प्रदेश खेलकुद परिषद्का सदस्यको सपथ नै भएन

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले प्रदेश खेलकुद विकास परिषद् सदस्य नियुक्त गरेका ४ जनालाई २ महिना बित्नै लाग्दा सपथ समेत गराउन सकेको छैन। गत मंसिर १० मा बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले नियुक्त गरेका ४ जना सदस्यले ४५ दिन पूरा हुँदा समेत सपथ ग्रहण गर्न पाएका छैनन् ।

मन्त्रिपरिषद् बैठकले २ महिलासहित ४ जनालाई परिषद्को सदस्यमा नियुक्त गर्ने निर्णय गरेको थियो। बैठकको निर्णय अनुसार परिषद्को सदस्यमा ललितपुरका रवी महर्जन, मकवानपुरका संगीत श्रेष्ठ, चितवनकी नविना खनिया र रामेछापकी कल्पना खड्कालाई नियुक्त गरिएको थियो । कानुनी अड्चनको समाधानका बीच सामाजिक विकास मन्त्रालयको सिफारिस तथा युवा तथा खेलकुद मन्त्रालयको सहमतिमा गरिएको उक्त नियुक्तिमा समस्या देखिएको हो र राजनीतिक भागबण्डा अनुसार सहमति जुटाएर गरिएको उक्त नियुक्तिमा आफ्नो मान्छे नपरेको भन्दै सपथ ग्रहण नै हुन नसकेको सामाजिक विकास मन्त्रालयको एक कर्मचारीले जानकारी दिए ।

सत्ता साझेदार दल एमालेबाट २ र कांग्रेसबाट २ जनालाई खेलकुद विकास परिषद् सदस्य नियुक्त गरिएको थियो । ती कर्मचारीका अनुसार नियुक्त गरिएको मध्ये २ जना सदस्यको विषयमा सामाजिक विकास मन्त्रीले समस्या देखाएकी थिइन् । विभागीय युवा तथा खेलकुद मन्त्रीले कांग्रेसबाट सदस्य छनौट गरी पठाएका थिए । सो विषयमा सामाजिक विकास मन्त्रीले समस्या देखाएर व्यक्ति परिवर्तन गर्न भनेको तर मन्त्रिपरिषद्बाट विभागीय युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले सिफारिस गरे अनुसार नै सदस्य नियुक्त गरेको ति कर्मचारीको भनाई छ ।

मन्त्री महर्जनले कांग्रेसबाट रवी महर्जन र कल्पना खड्कालाई सदस्यमा सिफारिस गरेका थिए । रवी मन्त्री महर्जनको विश्वास पात्र हुन् भने खड्का कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बहादुर बानियाँ निकट हुन्। खड्का कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितिको सदस्य समेत हुन् । दुवै सदस्यहरु फरक समूहबाट ल्याएको र आफ्नो मान्छे नसमेटेको भन्दै सामाजिक विकास मन्त्री खड्गी रुष्ट बनेकी थिइन्। मन्त्रिपरिषद्बाट आफूले भने अनुसार नभएको भन्दै सामाजिक विकास मन्त्रीले उक्त विषयमा ध्यान नदिएको उनले बताए । मन्त्रीले समय नदिँदा ४५ दिनसम्म सपथ हुन नसकेको उनको भनाई छ ।

केही समयअघि मात्र मन्त्री खड्गीले आफ्नै श्रीमान प्रकाश खड्गीलाई एक प्रादेशिक अस्पतालको अध्यक्ष पदमा नियुक्त गराएकी थिइन्। उनले स्वास्थ्य मन्त्रालय मार्फत् काठमाडौंको टोखा चण्डेश्वरी अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष पदमा श्रीमान प्रकाशलाई नियुक्त गरेकी थिइन्। सो पश्चात प्रदेश सरकार तथा मन्त्रिपरिषद्मा मन्त्री खड्गीको आलोचना हुँदै आएको छ ।

मन्त्री खड्गीले नियुक्त भएका सदस्यहरुको सपथ ग्रहण समय अभावका कारणले ढिलो भएको बताइन्। मन्त्रालयको विभिन्न कार्यक्रमका लागि जिल्ला बाहिर जानु पर्ने भएकाले सपथ ग्रहण ढिलो भएको उनले बताइन् । मन्त्रीपरिषद्बाट नियुक्त गरिएका ४ र मन्त्रालयबाट पनि ६ जना सदस्य नियुक्त गर्नुपर्ने भएकाले पनि केही समय लागेको उनको भनाई छ। अन्य ६ जनाको नियुक्ति पछि एकै पटक सपथ ग्रहण गराउने गरी तयारी रहेको उनले बताइन्। ६ सदस्यको नियुक्ति औपचारिक रुपमा सकिएको र छिट्टै नै प्रशासनिक काम सकेर सदस्यहरुको सपथ गराउने उनको भनाई छ । यता प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव दीपक लामाका अनुसार केही दिनमा नै सपथ ग्रहण हुनेछ। मन्त्रालयमा सम्पूर्ण प्रक्रिया पूरा गरी प्रस्ताव पेश गरिएको र निर्णय भए लगत्तै सपथ हुने उनले बताए ।

---

१३ नम्बर वडा बालमैत्री घोषणा

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका-१३ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । "बालबालिकामा लगानी; सुनिश्चित भविष्यको थालनी" भन्ने नारासहित बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको हो । बुधबार एक कार्यक्रमको आयोजना गरी वडालाई निकृष्ट बालश्रम, बाल विवाहमुक्त घोषणा गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

हेटौंडा-१३ नम्बर वडाका वडाअध्यक्ष पेम्बा लामाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री वडा घोषणा गरिएको हो । ५१ वटा सूचकमध्ये ४५ वटा सूचकमा शतप्रतिशत, अन्य २ वटा सूचकमा ९८ प्रतिशत, एकमा ९६ र अर्को एकमा ९५ प्रतिशत नतिजा प्राप्त भएसँगै वडालाई बालमैत्री घोषणा गरिएको बताइएको छ। २ वटा सूचकमा भने ८१ प्रतिशत मात्रै उपलब्धी हासिल भए तापनि बालमैत्री घोषणाका लागि न्यूनतम ८० प्रतिशत आधारविन्दु कटेको दावी गरिएको छ।

१३ नम्बर वडाले २०७९ मंसिर २५ गते सरोकारवालाको उपस्थितिमा प्रतिवद्धतापत्रमा हस्ताक्षर गरी अभियानलाई आत्मसात गर्दै कार्यान्वयनमा लागेको थियो । ८ हजार ८ सय ४२ जनसंख्या रहेको वडामा २ हजार ५ सय ७४ जना बालबालिका रहेका छन् । झाँकीसहित पदमपोखरी बजार परिक्रमा गर्दै बालमैत्री घोषणा सभा समारोहको आयोजना गरिएको थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक वडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैंले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरुलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- ऋनियमितता र भ्रष्टाचार बिरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

बागमती प्रदेश खेलकुद परिषद्मा ६ सदस्य नियुक्त

समाज संवाददाता

प्रदेशको सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले सत्ता साझेदार दल एमाले र कांग्रेसबाट ३/३ जना गरी ६ जना सदस्य नियुक्त गर्नुभएको हो।

हेटौंडा : बागमती प्रदेश खेलकुद विकास परिषद्को रिक्त ६ सदस्य नियुक्त गरिएको छ। मंगलबार मन्त्रीस्तरको निर्णय अनुसार राजनीतिक भागबण्डा अनुसार परिषद्मा ६ जना सदस्य नियुक्त गरिएको हो ।

प्रदेशको सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले सत्ता साझेदार दल एमाले र कांग्रेसबाट ३/३ जना गरी ६ जना सदस्य नियुक्त गर्नुभएको हो । प्रदेशमा विभागीय युवा तथा खेलकुद मन्त्रालय रहेपनि कानु संशोधन नहुँदा सो मन्त्रालयको अधिकार प्राप्त हुन सकेको छैन । जसका कारण कानुनी व्यवस्था अनुसार सामाजिक विकास मन्त्री खड्गीले परिषदमा ६ सदस्य नियुक्त गरेकी हुन् ।

खेलकुद संघ संस्था, खेल विज्ञ र अपांगता कोटाबाट सदस्य नियुक्त गरिएको हो । जसमा खेलकुद संघ संस्थाबाट एमालेले दोलखाकी अन्जना शिवाकोटीलाई, खेल विज्ञका रुपमा ललितपुरकी दिपा क्षेत्री र अपांगता कोटामा काभ्रेका गोविन्द लाल श्रेष्ठलाई नियुक्त गरिएको छ। त्यस्तै खेलकुद संघ संस्थाबाट कांग्रेसले मकवानपुरका अमृत लुङ्वा, खेल विज्ञबाट सविन भट्चार्य र सिन्धुपाल्चोकका राजन धितालललाई नियुक्त गरिएको छ । लुङ्वा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बहादुर बानियाँको कोटामा सदस्य भएका हुन् भने भट्चार्य सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' र घिताल मोहन बहादुर बस्नेतको कोटामा सदस्य बनेका हुन् ।

यसअघि गत मंसिर १० मा प्रदेश सरकारको मन्त्रिपरिषदबाट ४ जना सदस्य नियुक्त भएका थिए। मन्त्रिपरिषदले कांग्रेस र एमालेबाट २/२ जना सदस्य नियुक्त गरिएको थियो । कांग्रेसबाट रवी महर्जन, कल्पना खड्का नियुक्त हुँदा एमालेबाट नविना खनिया र सविन श्रेष्ठ नियुक्त गरिएको थियो । नियुक्त भएको ४५ दिनसम्म उनीहरुको सपथ हुन सकेको छैन । एक सदस्यको पदावधी बाँकी नै रहेको परिषदका सदस्य सचिव दीपक लामाले जानकारी दिए। माओवादी केन्द्रको कोटामा नियुक्त भएका श्रीभक्त छवालाई नियुक्त भएका थिए ।

---

२ जना मृत फेला, एक जनाको उपचारको क्रममा मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ जिल्लामा २ जना वृद्धवृद्धा मृत फेला परेका छन् भने एक जनाको उपचारको क्रममा मृत्यु भएको छ। प्रदेशको नुवाकोट र सिन्धुली जिल्लामा २ जना मृत फेला परेका छन् भने चितवनमा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

चितवन जिल्लाको कालिका नगर पालिका-८, गैरीबारीमा रुखबाट लडेर घाइते भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा ४९ वर्षीय रामबहादुर चेपाङ रहेको प्रहरी जानकारी दिएको छ ।

गत बुधबार दिउँसो २ बजेको समयमा चेपाङ घर नजिकै रहेको अमिलिया जंगलमा टाटरीको घाँस काट्ने क्रममा रुखबाट लडेर घाइते भएका थिए । घाइते चेपाङलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा चेपाङको मंगलबार दिउँसो मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

नुवाकोट जिल्लाको मेघाङ गाउँपालिका-१, बसुन्चेतमा भिरबाट लडेर एक जना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा धादिङको खनियाबास गाउँपालिका-५, मावरका ८९ वर्षीय फैसिङ तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

तामाङ शुक्रबार कान्छी छोरीको घर धादिङ सेमजुङ हिँडेकोमा मंगलबार दिउँसो जंगलमा बाटोदेखि १५० मिटर तल भिरमा मृत अवस्थामा फेला परेका थिए। अनुसन्धानको क्रममा तामाङले राम्रोसँग आँखा नदेख्ने बुझिएको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि त्रिशुली अस्पताल नुवाकोट लगिएको छ।

यस्तै, सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-२, बवलामा एक जना वृद्धा मृत फेला परेकी छन्। मृत फेला पर्नेमा ७० वर्षीया नन्दमाया सुनुवार रहेको प्रहरी जानकारी दिएको छ ।

सोमबार दिउँसो १ बजेको समयमा नन्दमाया घरमा कोहि कसैलाई नसोधी बेपत्ता भएकी थिइन्। नन्दमाया साँझसम्म घर नआएपछि परिवार तथा स्थानीयले खोजतलास गर्दै जाँदा मंगलबार फिक्कल गाउँपालिका-४, शाखर खोलाको दोभान सुनकोशी नदीको किनारमा पानीमा डुबी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघ
मकवानपुर, नेपाल
यही २०८१ पौष २७ गते हुने निर्वाचनमा
वाणिज्य तर्फको
उपाध्यक्ष पदको उम्मेदवार
VOTE FOR
Vote
राजु अधिकारी
लाई अत्याधिक मतले विजयी गराऔं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ